# सिलिचोङ गाउँपालिका वडा नं. १

## बेसिन्दा पहिरो

# प्रतिवेदन

## २०७७



नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, संखुवासभा

## १. पृष्ठभूमिः

नेपाल निरन्तर दोहोरी रहने बहु-प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को जोखिममा रहेको देश हो । नेपालमा प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ, हिम पहिरो, सडक दुर्घटना, महामारी आदि जस्ता प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपहरुले गर्दा जनधनको ठुलो नोक्सानी हुने गरेको छ । जनसंख्या बृद्धि अव्यवस्थित शहरीकरण, अदूरदर्शी विकास तथा संरचना निर्माण प्रक्रिया, प्राकृतिक श्रोत साधन माथि अत्यधिक निर्भरता र दोहन, विश्वव्यापी उष्णीकरण, औद्योगीकरण जस्ता कारणले विपद् तथा जलवायु परिवर्तनको सङ्कटासन्नतामा अझ बृद्धि भैरहेको छ। २०७२ सालको वैशाखमा आएको भूकम्प, २०७१ र २०७४ सालमा आएको बाढी तथा पहिरो र यसबाट भएको ठूलो जनधनको क्षति तथा नोक्सानी यसका पछिल्ला उदाहरण हुन । यस्ता प्राकृतिक विपत्तिवाट भरखरै मात्र प्रदेश नं. १ को हिमाली जिल्ला संखुवासभा पनि अछुतो रहेन । मिति २०७७/०३/२८ गते राति परेको अविरल वर्षाको कारण संखुवासभा जिल्लाको दक्षिण पश्चिम क्षेत्रमा अवस्थित प्राकृतिक सौन्दर्यताको दृष्टिले अत्यन्तै सुन्दर तर प्राकृतिक विपद्को दृष्टिले भने अन्यन्तै जोखिमपूर्ण भौगोलिक अवस्था रहेको सिलिचोङ गाउँपालिका वडा नं. १ बेसिन्दामा ठूलो पहिरो गई ९ वटा घर पुर्ण रुपमा बगाएको, १ जनाको मृत्यु भएको, २ घर आंशिक क्षति भएको, ११ जना मानिस बेपत्ता भएको र ८६ घरधुरी जोखिममा परी सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । सो बाहेक अविरल वर्षाको कारण सिलिचोङ गाँउपालिका वडा नं.१ अन्तर्गतका अन्य विभिन्न स्थानमा गएको पहिरोका कारण थप ५२ घरधुरी गरी कुल १३८ घरधुरी जोखिममा परी सुरक्षित स्थानमा तत्काललाई अस्थायी रुपमा स्थानान्तरण गरिएको छ । अतः बेसिन्दा पहिरोको घटनासँग सम्बन्धित विषय वस्तुमा केन्द्रित रहेर यो प्रतिवेदन तयार गरिएको छ ।

## २. अध्ययनको उद्देश्यः

अध्ययनको उद्देश्य निम्न बमोजिम रहेको छ ।

(क) विपद्कोसमयमा गरिएको खोज तथा उद्दार बारे जानकारी गराउनु ।

(ख) विपद्कोकारण भएको मानविय एवं भौतिक क्षतिको सम्वन्धमा जानकारी गराउनु ।

(ग) राहत संकलन एवं वितरणको कार्यहरुबारे जानकारी गराउनु ।

(घ) अस्थायी आश्रय/बसोबासको व्यवस्थाबारे जानकारी गराउनु ।

(ङ) विपद्को कारण जोखिममा परी विस्थापित भएका घर परिवारहरुको स्थायी रुपमा उचित पुनःस्थापनाका लागि संभावित विकल्पहरुको खोजी गर्नु ।

(च) विपद्को समयमा सरोकारवाला निकायहरुको भूमिका र प्रयासहरुबारे जानकारी गराउनु ।

(छ) विपद्को पुर्व तयारी, प्रतिकार्य योजनामा देखिएका सबल एवं दुर्बल पक्षहरुको लेखाजोखा गर्नु ।

## ३. विधि र प्रक्रियाहरुः

अध्ययनको लागि प्राथमिक तथा द्वितिय तथ्याङ्कहरुको प्रयोग गरिएको छ । यसक्रममा पहिरो पीडितहरुसँगको प्रत्यक्ष भेटघाट, सम्पर्क, अन्तर्वाता र घटनास्थलको स्थलगत अवलोकन भ्रमण विधिको समेत प्रयोग गरिएको छ ।

## ४. मानवीय एवं भौतिक क्षतिको विवरणः

सिलिचोङ गाउँपालिका वडा नं. १ वेसिन्दामा गएको पहिरोबाट भएको मानवीय तथा भौतिक क्षति देहाय बमोजिम रहेको छ ।

### (क) मानवीय क्षतिः

११ जना पहिरोमा पुरी बेपत्ताहरुको विवरणः

| सि.नं. | घरमुलीको नाम थर | परिवार संख्या (जना) | बेपत्ता भएका व्यक्तिको नाम थर, उमेर | कै. |
|---|---|---|---|---|
| १ | जुद्ध बहादुर राई | ३ | बर्ष ४५ की उत्तर माइती राई | |
| | | | वर्ष ५२ को जुद्ध बहादुर राई (माने) | |
| २ | राम बहादुर राई | ५ | वर्ष ६८ को राम बहादुर राई | |
| | | | वर्ष ५२ कि हस्त कुमारी राई | |
| | | | वर्ष २१ की एन्जिला राई | |
| | | | वर्ष ११ की नम्रता राई | |

| सि.नं. | घरमुलीको नाम थर | परिवार संख्या (जना) | बेपत्ता भएका व्यक्तिको नाम थर, उमेर | कै. |
|---|---|---|---|---|
| ३ | जुद्ध बहादुर राई | ६ | वर्ष ६५ की गोरी माया राई | |
| | | | वर्ष २२ की प्रकृती राई | |
| ४ | नजमाया राई | २ | बर्ष ७७ की नजमाया राई | |
| ५ | हर्क धन राई | ६ | वर्ष ८४ को हर्कधन राई | |
| | | | वर्ष ८६ की आइतमाया राई | |

स्रोतः सिलिचोङ गाउँपालिका, २०७७

**पहिरोमा पुरी बेपत्ता भएकाहरुको खोजविन कार्यमा संलग्न स्थानीय १ जनाको मृत्यु भएको व्यक्तिको विवरणः**

| सि.नं. | घरमुलीको नाम थर | मृतकको नाम थर, उमेर | मृतकको नजिकको हकदार | कै. |
|---|---|---|---|---|
| १. | सन्च सहद राई | वर्ष २८ को मदन भन्ने प्रशान्त राई | खेमराज राई | |

स्रोतः सिलिचोङ गाउँपालिका, २०७७

## (ख) भौतिक क्षतिः

घर गोठ क्षति भएका व्यक्तिहरुको विवरणः

| सि.नं. | घरमुलीको नाम थर | जम्मा परिवार संख्या | पहिरोमा पुरी बेपत्ता भएका सदस्य संख्या | घरमुली बेपत्ता भएको भए हाल रहेको घरमुलीको नाम थर | क्षति भएको चल अचल सम्पत्तिको अनुमानित विवरण | कै. |
|---|---|---|---|---|---|---|
| १ | जुद्ध बहादुर राई | ३ | २ | राम बहादुर राई | घर, नगद, सुनचादी, अन्न, भाडाकुडा, लत्ता कपडा, अलैची | |
| २ | राम बहादुर राई | ५ | ४ | पदम बहादुर राई | घर, नगद, सुनचादी, अन्न, भाडाकुडा, लत्ता कपडा, अलैची | |
| ३ | जुद्ध बहादुर राई | ६ | २ | जुद्ध बहादुर राई | घर, नगद, सुनचादी, अन्न, भाडाकुडा, लत्ता कपडा, अलैची | |
| ४ | नजमाया राई | २ | १ | राम कुमार राई | घर, नगद, सुनचादी, अन्न, भाडाकुडा, लत्ता कपडा, अलैची | |
| ५ | हर्क धन राई | ६ | २ | प्रसाद राई | घर, नगद, सुनचादी, अन्न, भाडाकुडा, लत्ता कपडा, अलैची | |
| ६ | भिम बहादुर राई | ५ | - | - | घर, नगद, सुनचादी, अन्न, भाडाकुडा, लत्ता कपडा, अलैची | |
| ७ | गोवा सिंह राई | ६ | - | - | घर, नगद, सुनचादी, अन्न, भाडाकुडा, लत्ता कपडा, अलैची | |
| ८ | सन्दिप राई | ५ | - | - | घर, नगद, सुनचादी, अन्न, भाडाकुडा, लत्ता कपडा, अलैची | |

| सि.नं. | घरमुलीको नाम थर | जम्मा परिवार संख्या | पहिरोमा परी बेपत्ता भएका सदस्य संख्या | घरमुली बेपत्ता भएको भए हाल रहेको घरमुलीको नाम थर | क्षति भएको चल अचल सम्पत्तिको अनुमानित विवरण | कै. |
|---|---|---|---|---|---|---|
| ९ | सुवधन राई | ३ | - | - | घर, नगद, सुनचादी, अन्न, भाडाकुडा, लत्ता कपडा, अलैची | |
| १० | जीवन किरण राई | ५ | - | - | लत्ता कपडा, अन्न जिन्सी सामाग्री पुरेको। | आंशिक क्षति |
| ११ | धनि प्रसाद राई | | - | - | लत्ता कपडा, अन्न जिन्सी सामाग्री पुरेको। | आंशिक क्षति |

स्रोतः सिलिचोङ गाउँपालिका, २०७७

## ५. विपद्को समयमा गरिएका खोज तथा उद्दारका कार्यः

यस जिल्लाको सिलिचोङ गाउँपालिका वडा नं. १ बेसिन्दामा मिति २०७७।३।२८ गते राती गएको पहिरोबाट भएको खोज तथा उद्धारका कार्यहरु निम्नानुसार रहेका छन्।

**क) खोज तथा उद्धारः**

- घटनाको जानकारी प्राप्त हुन साथ करिब ४ घण्टा पैदल दुरीमा रहेको नजिकको प्रहरी इकाई ताम्कु प्रहरी चौकी र बुधबारे प्रहरी चौकीबाट गरी ९ जना प्रहरी १०:४५ बजे घटनास्थलमा पुगी खोज उद्धारमा जुटेको । सिलिचोङ ३ ताम्कु स्थित म .नि.रा.ब. जनाको टोली समेत सोही दिन दिउसो घटनास्थल १० सुरक्षार्थ खटिएको नेपाली सेनाको पुगी खोज तथा उद्धारमा जुटेको।
- सदरमुकाम खाँदबारीबाट बराहदल गुल्म खाँदबारीका उप सेनानीको नेतृत्वमा १ से.मु. (३० जना), जिल्ला प्रहरी कार्यालयका प्र.नि.को कमाण्डमा १५ जना र स.प्र.बलका स.प्र.नि.को कमाण्डमा १३ जनाको थप मद्दत सोही दिन खटिई मिति २०७७।३।२९ गते मध्यान्न घटनास्थल पुगी खोज तथा उद्धारमा जुटेको।
- छिमेकी जिल्ला भोजपुरको सीमावर्ती प्रहरी इकाईबाट समेत ६ जनाको टोली खोज तथा उद्धारमा खटेको।
- बेपत्ताका आफन्त, स्थानीय बासिन्दाहरु र सुरक्षा फौजको निरन्तर ७ दिन सम्मको खोजतलासबाट समेत पहिरोमा परेका कुनै व्यक्ति फेला पार्न नसकिएकोमा गाउँपालिका प्रमुखको रोहबरमा बेपत्ता भएका परिवारका सदस्य, पहिरो पीडित व्यक्तिहरु समेतको

उपस्थितिमा मिति २०७७।४।३ गते सर्जमीन मुचुल्का गरी प्रतिकुल मौसम र पहिरो गएको ठाउँको भौगोलिक कठीनाईलाई मध्यनजर गरी हाललाई स्थानीय प्रहरी चौकी र स्थानीयहरुले खोज तलास गर्ने र जिल्लाबाट गएको थप मद्दतलाई पछि आवश्यक परेमा खटिने गरी हाललाई फिर्ता गर्ने भनिए मुताविक टोली ३ गते सदरमुकाम फर्कि आएको ।

- स्थानीयहरुले खोज तलास गर्ने र जिल्लाबाट गएको थप मद्दतलाई पछि आवश्यक परेमा खटिने गरी हाललाई फिर्ता गर्ने भनिए मुताविक टोली ३ गते सदरमुकाम फर्कि आएको ।

## ६. विपद्को समयमा गरिएका राहतका कार्य:

यस जिल्लाको सिलिचोङ गाउँपालिका वडा नं. १ बेसिन्दामा गएको पहिरो पीडितहरुलाई देहाय बमोजिम राहतको कार्यहरु गरिएको छ ।

- गृह मन्त्रालयबाट ३ सटल हेलिकप्टरको व्यवस्था भई मिति २०७७।३।२९ र ३० गतेका दिन आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १ विराटनगरबाट उपलब्ध गराइएका निम्न राहत सामाग्री चित्रे भन्ने स्थानमा हेलिकप्टर अवतरण गर्न नसकी सिसुवाटार बुधबारेमा पुर्याइएको ।

**तपशिलका राहत सामाग्री**

| सि.नं. | विवरण | परिमाण | सि.नं. | विवरण | परिमाण | कै. |
|---|---|---|---|---|---|---|
| १ | टेन्ट | ५३ सेट | ८ | चामल | २२५० के.जि. | |
| २ | खाने तेल | १२० लि. | ९ | रहर दाल | ४०० के.जि | |
| ३ | नुन | १०० के.जि. | १० | कम्बल | ३५ के.जि. | |
| ४ | म्याट्रेस | १२० मि. | ११ | विस्कुट | १३ कार्टुन | |
| ५ | चाउचाउ | १० कार्टुन | १२ | जीवन जल | २ कार्टुन | |
| ६ | त्रिपाल | ५ थान | | | | |

- आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.१ विराटनगरमा थप टेन्ट र राहत सामाग्रीको लागि अनुरोध गरिएकोमा मन्त्रालयको च.नं.४१ मिति २०७७।४।२३ गतेको पत्र साथ प्राप्त थप राहत सामाग्रीहरुको विवरण देहाय बमोजिम रहेको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

निम्न

- चामल १०० बोरा, टेन्ट ४० थान (नेपाली सेनाको तर्फबाट १० समेत), दाल १६ बोरा, तेल १० कार्टुन नुन २ बोरा (१०० के.जि.)

- सिलिचोङ गाउँपालिकाले ७८ बोरा चामल औषधी, खानेपानी पाइप लगायत बन्दोवस्ती एवं राहत सामाग्री खरिद गरी वितरण गरेको साथै हेलुवावेसिमा २०० बोरा चामल खरिद गरी अस्थायी आश्रयस्थलमा तत् बखत पुर्याई वितरण गरेको।
- सो बाहेक सिलिचोङ गाउँपालिका, विभिन्न संघ संस्था एवं व्यक्तिहरुबाट राहत उपलब्ध भएको।

## ७. विपद्को समयमा तत्काल अस्थायी आश्रयका कार्य:

यस जिल्लाको सिलिचोङ गाउँपालिका वडा नं. १ बेसिन्दामा गएको पहिरो पीडितहरुलाई तत्काल अस्थायी आश्रयका लागि देहाय बमोजिम कार्यहरु गरिएको छ।

- सिलिचोङ १ बेसिन्दाका शुरुमा ८२ र पछि थप ४ गरी जम्मा ८६ घर परिवार (३४९ जना) मध्ये सिसुवाटारमा २९ र चित्रेमा ५७ परिवारलाई अस्थायी आश्रयको व्यवस्था मिलाइएको। सिलिचोङ २ बुधबारेबाट टेन्ट र राहत वितरण गरिएको।
- चित्रे र सिसुवाटारमा अस्थायी आश्रय बनाउने कार्यमा सुरक्षा फौज परिचालित भएको।
- चेप्चेवाका १८ परिवारका ८७ जना सदस्यहरुलाई टेन्ट र राहत सामाग्री वितरण गरी सिलिचोङ २ पौखमटारमा हाललाई राखिएको।
- निरन्तर वर्षात भई रहेको हुँदा सिलिचोङ गाउँपालिका अन्य क्षेत्रहरुमा समेत पहिरोको जोखिममा रहेको।
- सुरक्षा निकायहरु र क्लष्टर सम्बद्ध कार्यालयहरुलाई उपलब्ध स्रोत साधन, उपकरण र जनशक्ति सहित खोज तथा उद्धार, राहत, पुनः स्थापनाको लागि तयारी अवस्थामा रहेको/ राखिएको।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

## ९. विपद्को समयमा सरोकारवाला निकायहरुको भूमिकाः

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ ले विपद्को पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका सन्दर्भमा सरोकारवाला निकायहरुको भूमिका निर्दिष्ट गरेको हुँदा उपलब्ध श्रोतसाधन र जनशक्ति अनुरुप सोही बमोजिम तपशिल बमोजिमका निकायहरु स्वत: पारिचालित भइरहेका छन् । विपद् व्यवस्थापन ऐन २०७४ र नियमावली २०७५ समेतका आधारमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समेत क्रियाशिल रही विपद् व्यवस्थापनका कार्यहरु गरिरहेको अवस्था छ । यसमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त निर्देशनहरु समेत प्रभावकारी कार्यान्वयन भइरहेको छ ।

तपशिल

| सि.नं. | सरोकारवाला निकायहरु | कार्य जिम्मेवारी | कै. |
|---|---|---|---|
| १ | संघीय सरकार | निर्देशन, समन्वय र स्थानीय तहले पहिचान/प्राप्ति गरेको जग्गाको भौगर्भिक अध्ययन गरी गराई मापदण्ड बमोजिमको आर्थिक सहायता र पुनः स्थापना कार्यक्रम सञ्चालन । | |
| २ | प्रदेश सरकार | निर्देशन, समन्वय र स्थानीय तहले पहिचान/प्राप्ति गरेको जग्गाको भौगर्भिक अध्ययन गरी गराई मापदण्ड बमोजिमको आर्थिक सहायता र पुनः स्थापना कार्यक्रम सञ्चालन । | |
| ३ | जिल्ला विपद् व्यवस्थापन समिति | खोज, उद्धार र समन्वय । | |
| ४ | स्थानीय विपद् व्यवस्थापन समिति | राहत व्यवस्थापन, अस्थायी आश्रय निर्माण, जग्गा प्राप्ति, मापदण्ड बमोजिम पुनःनिर्माणमा र भौतिक संरचना निर्माणमा सहयोग र समन्वय । | |
| ५ | राजनीतिक दल | सहयोग, समन्वय र सहजीकरण । | |
| ६ | क्लष्टर सम्बद्ध विषयगत सरकारी कार्यालयहरु र संघ संस्थाहरु | शहरी विकास डिभिजनबाट ततक्षेत्रमा स्थानीय स्तरमा उपलब्ध हुने निर्माण सामाग्री समेतलाई मध्यनजर गरी नेपाल सरकारबाट भवननिर्माणमा प्राप्त हुन सक्ने राहत रकम समेतलाई मध्यनजर गरी आवासको ड्रयिङ डिजाइन, लागत अनुमान र सुपरीवेक्षण गर्ने र विषयगत सरकारी कार्यालयहरुले आ-आफ्नो कार्यक्षेत्रअनुसारको दोहोरो नपर्ने गरी कार्यक्रमहरु संचालन गर्ने । विभिन्न संघसंस्थाहरुले दोहोरो नपर्ने गरी पालिकासँगको समन्वयमा लागत सहभागिता जनाउन सक्ने । | |
| ७ | पत्रकार, नागरिक समाज | सहयोग, समन्वय र सहजीकरण । | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

## १०. विपद्को पूर्व तयारी, प्रतिकार्य योजनामा देखिएका सबल एवं दुर्बल पक्षहरुः

उक्त घटनाको पूर्व तयारी, प्रतिकार्य र पुनः स्थापनामा देखिएका सबल एवं दुर्बल पक्षहरु देहाय बमोजिम रहेको छ ।

**क) सबल पक्षहरुः**

१. संघीय सरकार र प्रदेश सरकारबाट आवश्यक सहयोग, समन्वय र निर्देशन ।

२. समस्या समाधानमा प्रतिबद्ध स्थानीय निर्वाचित जनप्रतिनिधिहरु ।

३. जिल्ला विपद् व्यवस्थापन समिति लगायत सरोकारवालाहरुको चासो र तत्परता ।

४. पालिकामा कार्यरत सीमित तर लगलशील र जिम्मेवार कर्मचारीहरु ।

५. श्रोतको उचित व्यवस्थापन ।

६. विपदमा परेको नागरिकलाई तत्काल उद्धार तथा राहत वितरण ।

७. पुनः स्थापनाको तयारीका लागि कार्य प्रारम्भ ।

**ख) दुर्वल पक्षहरुः**

१. वस्तीहरु छरिएर रहेको र केही वस्तीहरु पुस्तौ पुस्ता देखि सीमान्त एवं जोखिम क्षेत्रमा बसोबास गरिरहेको हुँदा जुनसुकै बखत त्यस्ता वस्तीहरु पहिरोको जोखिममा पर्न सक्ने अवस्था देखिएको ।

२. भौगोलिक विकटताले गर्दा समयमा राहत तथा उद्धार सामाग्री, औषधी, निर्माण सामाग्री लगायतका सामाग्रीहरु विपद् स्थलमा सहज तरिकाले पुर्याउन नसक्नु ।

३. सडक यातायातको सहज पहुँच नहुनु जिल्ला सदरमुकामसम्म सिधा सडक मार्गको पहुँच नभएको ।

४. एकमात्र प्राथमिक स्वास्थ्य केन्द्रमा विशेषज्ञ डाक्टर लगायत आवश्यक प्राविधिक जनशक्ति नहुनु ।

५. पुनः स्थापनाका लागि सुरक्षित, उपयुक्त, पायक पर्ने एवं आवश्यक जग्गा प्राप्त गर्न कठीनाई ।

६. विस्थापित परिवारहरुलाई पुनः स्थापनाका लागि एकीकृत वस्ती स्थापना गर्न स्रोतको कमी ।

**आ.व. २०७६।०७७ को सिलिचोङ गाउँपालिको विपद् व्यवस्थापन कोषको आम्दानी खर्चको अवस्था**

| आम्दानी शिर्षक | रकम | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| अ.ल्या. (२०७५।०७६ बाट) | ३४९४४३० | कोरोना रोग बाहेकको विपदमा राहत वितरण | २९८००० |
| कोरोना रोग व्यवस्थापनको | ९५८६५४ | कोरोना विपद्को समयमा राहत वितरण | ७९२२१५ |
| लागि जनप्रतिनिधि, | | क्वारेन्टाइन व्यवस्थापन खर्च | १८००२५ |
| कर्मचारी, समाजसेवि तथा | | औषधी तथा स्वास्थ्य सामग्री खरिद | ६३६६५८ |
| संघ/संस्थाहरुबाट सहयोग | | विपद् सम्वन्धी सचेतना कार्यक्रम | २७२९३५ |
| प्राप्त | | जोखिम भत्ता (प्रहरी रु.३८१०००, स्वास्थ्यकर्मी रु.८३२३४५) | १२१३३४५ |
| २०७६।०७७ को विनियोजन | २०००००० | आगामी बर्षलाई जिम्मेवारी सारिएको | ३४६९९०६ |
| **जम्मा** | ६९५३०८४ | **जम्मा** | ६९५३०८४ |

स्रोतः सिलिचोङ गाउँपालिका

**विपद् पूर्व तयारी एवं पुनःस्थापना सम्बन्धमा गाउँपालिकाको पहलमा भएका कार्यहरुः**

१. विपद् व्यवस्थापनका सामाग्रीहरु जस्तैः पाल, उद्धार सामाग्री, नुन, खाद्यन्न औषधी लगायतको पर्याप्त मात्रामा मौज्दात गरिएको ।

२. अस्थाई बास व्यवस्थापन तथा राहत वितरणको लागि विपद् पश्चात तत्कालै गउँपालिकाका अध्यक्ष श्री राम बहादुर राईका संयोजकत्वमा राजनीतिक दलका प्रतिनिधि, संघ संस्थाका प्रतिनिधि, जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, कर्मचारी सम्मिलित ९ सदस्यिय समिति गठन गरी सो समिति मार्फत राहत वितरण तथा अस्थाई बसोवास व्यवस्थापन भईरहेको ।

३. स्थायी पुनर्वास व्यवस्थापनका लागि गाउँ कार्यपालिका सदस्य श्री नरभुपालाल राईको संयोजकत्वमा ९ सदस्यिय स्थाई पुनर्वास समिति गठन गरी उक्त समितिले कामकाज सुरु गरेको ।

४. असार २७ गते आएको बाढी पहिरोले बाला र सिसुवा जाने सडकमा क्षति पुर्याएकोले तत्काल रु दश लाख बजेट व्यवस्थापन गरी सो सडक मर्मत सुरु गरिएको ।

५. विपद् प्रभावित क्षेत्रमा स्वस्थ्य समस्या उत्पन्न हुन नदिन अस्थाई स्वास्थ्य सहयोग केन्द्र स्थापना गरी पर्याप्त औषधी तथा स्वास्थ्यकर्मी व्यवस्थापन गरिएको । साथै अस्थायी बसोवास स्थलमा शौचालय, स्वच्छ खानेपानीको प्रबन्ध गरिएको ।
६. बेसिन्दा पहिरोमा परी क्षतिग्रस्त भएको विद्यालय स्थानान्तरण गरी विद्यालय संचालन हुने बेलासम्म तयार हुने गरी अस्थाई संरचना निर्माण सुरु गरिएको ।
७. विस्थापित भएका घर परिवारहरुको स्थायी रुपमा उचित पुनःस्थापनाका लागि संभावित विकल्पहरुको खोजी कार्य बढिरहेको ।
८. २०७७।०३।२७ गते राति वडा नं. १ बेसिन्दा तथा होयेङला, चेप्चेपा लगायतका स्थानमा गएको पहिरो पीडित नागरिकहरुलाई संघीय सरकार, प्रदेश सरकार, विभिन्न दातृ निकाय, संघ संस्था तथा सहयोगी व्यक्तिहरुबाट प्राप्त सहयोग समेत लिई चालु आ.ब. भित्र सुरक्षित स्थाई संरचना निर्माण गरी सम्पूर्ण विस्थापितहरुलाई पुनर्वास गराउने रणनीतिक योजना रहेको र सो प्रयोजनका लागि स्थायी पुनर्वास समिति समेत निर्माण भई उक्त समितिले काम सुरु गरिसकेको ।

**११. पुनर्स्थापना:**

एकातिर विस्थापित भएका व्यक्तिहरुलाई आ-आफ्नै थातथलोमा पुनर्थापना गर्न उपयुक्त देखिए तापनि सुरक्षित प्राप्त हुन नसकेमा आफ्नै वडा/पालिकाभित्र समेत पुनःस्थापना गर्नुपर्ने हुन सक्छ । यसको लागि पालिकाले सिफारिस गरेको जग्गाको भौगर्भिक अध्ययन हुनु जरुरी छ । यसबाट निजहरुको साविकमा भई रहेको जग्गा जमिनमा खेतिपाती लगायतको कार्यमा कठीनाई हुन गई निजहरुको आम्दानी एवं जीविकामा समेत असर पर्न जाने देखिन्छ । निजहरुको हाल भई रहेको जीवन यापनमा कमी आउन नदिन विस्थापित परिवारलाई रोजगारीको अवसर उपलब्ध गराउनु पनि उत्तिकै टड्कारो आवश्यकता छ तर उक्त क्षेत्रमा रोजगारीका अवसरहरु पर्याप्त नरहेको अवस्थामा तत्काल थप रोजगारीको सिर्जना हुन गर्न सक्ने अवस्था न्यून देखिन्छ । अत: उपरोक्त विषयहरुलाई समेत मध्यनजर गरी पीडितहरुलाई सुरक्षित स्थानमा मर्यादित तवरबाट पुनःस्थापना गर्न आवश्यक देखिन्छ ।

पुनःस्थापना गर्दा कम्तिमा पनि घर, भान्सा, शौचालय, तरकारी बारी एवं पशु चौपाय पालनको लागि गोठ राख्न पुग्ने गरीको न्यूनतम जमिन, खानेपानीको सुविधा, विद्युत सेवाको सुविधा, स्वास्थ्य चौकी/इकाई, बाटोको पहुँच, विद्यालय, खेल मैदान, सामुदायिक भवन, खुल्ला क्षेत्र,

फोहोरमैला व्यवस्थापन गर्ने स्थान, पार्क, शव व्यवस्थापन स्थल लगायतका सार्वजनिक संरचना समावेश हुने गरी पुनः स्थापनाको लागि निम्न विकल्पहरुमध्ये कुनै एक विकल्पमा जान उपयुक्त देखिन्छ।

विकल्प नं.: १ खाँदबारी-न.पा. क्षेत्रभित्र उपयुक्त स्थानमा।

विकल्प नं.: २ गाउँपालिका क्षेत्र भित्र जुनसुकै वडामा।

विकल्प नं.: ३ पहिरो पीडितहरु हाल बसोबास गरिरहेको स्थानबाट नजिकको सुरक्षित स्थानमा।

## १२. निष्कर्ष:

सिलिचोङ गाउँपालिकामा गएको पहिरोको घटनामा सरोकारवाला सबै तह, क्षेत्र एवं निकायहरुको सहयोग, समन्वय, सहकार्य र सहभागिताले गर्दा पहिरोमा परेका मानिसहरुको खोज, उद्दार तथा राहत वितरण एवं जोखिममा परेका १३८ घर परिवारलाई तत्काल अस्थाई आश्रयस्थलमा पुनर्स्थापना गरिएको। कमजोर भौगर्भिक तथा भूधरातलीय बनोट, मौषमी बिषमता तथा जलवायु परिवर्तन, जोखिम असंवेदनशिल विकास निर्माण कार्य, कमजोर आर्थिक अवस्थाका कारण जोखिममा वस्नु पर्ने बाध्यता, छरिएर रहेका बस्तीहरु कारण उक्त क्षेत्रमा पटक-पटक पहिरोका घटनाहरु घटिरहेका छन्। विपद् व्यवस्थापन तथा न्यूनीकरणको लागि जिल्ला विपद् व्यवस्थापन समितिबाट तयार गरेको जिल्ला प्रकोप पुर्वतयारी तथा प्रतिकार्य योजनामा समेत उक्त क्षेत्रलाई विपद् जोखिम क्षेत्रको रुपमासमेटिएको अवस्था छ। पछिल्लो घटनाको क्रममा २०६६ सालमा सोही गाँउपालिका क्षेत्र अन्तरगतको सिकिदिममा पहिरो गएको र उक्त पहिरोबाट ५८ घर परिवारहरु विस्थापित भएकोमा पुनर्वासका लागि वडा नं. ३, ताम्कु मानेडाँडामा ६३ रोपनी जग्गा पालिकाले खरिद गरी पुनः स्थापनाको व्यवस्था गरिएकोमा २३ घर परिवार मात्र उक्त स्थानमा पुनःस्थापित भएका छन्। त्यसैले, अवको दिनमा पुनर्वासको लागि सम्वन्धित सरोकारवाला ब्यक्तिहरुसंग घनिभूत छलफल गरी विस्थापितहरुको माग, संभाब्य क्षेत्र एवं स्रोत साधनको उपलब्धताको आधरमा उपयुक्त स्थलको छनौट गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबीचको समन्वय, सहकार्य र सहभागितामा पुनःस्थापना कार्य अगाडि बढाउनु पर्ने देखिन्छ।

## सिलिचोङ गाउँपालिका वडा नं. १ बेसिन्दामा अवरिल वर्षाको कारण गएको पहिरोको खोज, उद्दार, राहत तथा पुर्नस्थापनाको लिईएका तस्बिरहरु।









नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय









